आज मिति २०७५ असार २१ गते विहिवारका दिन यस शितगंगा नगरपालिका प्रमुख सूर्य प्रसाद अधिकारीज्यूको अध्यक्षतामा देहायको उपस्थिमा नगरकार्यपालिकाको कार्यालयमा नगरकार्यपालिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो । समय विहान ५.०० वजे

१. प्रमुख श्री सूर्य प्रसाद अधिकारी शितगंगा नगरपालिका

२. उप प्रमुख श्री टिकाराम रेश्मी मगर शितगंगा नगरपालिका

३. सदस्य श्री बुद्धिकृष्ण पौडेल शितगंगा नगरपालिका

४. सदस्य श्री गोबर्धन थापा शितगंगा नगरपालिका

५. सदस्य श्री हेमनाथ भुसाल शितगंगा नगरपालिका

६. सदस्य श्री दामोदर अधिकारी शितगंगा नगरपालिका

७. सदस्य श्री कमल पौडेल शितगंगा नगरपालिका

८. सदस्य श्री ऋषि बहादुर रेश्मी शितगंगा नगरपालिका

९. सदस्य श्री मोहन प्रसाद पन्थी शितगंगा नगरपालिका

१०. सदस्य श्री रुक बहादुर आले शितगंगा नगरपालिका

११. सदस्य श्री भिम बहादुर के.सी. शितगंगा नगरपालिका

१२. सदस्य श्री हिम्मत पोखरेल शितगंगा नगरपालिका

१३. सदस्य श्री कोपिलचन्द्र आले शितगंगा नगरपालिका

१४. सदस्य श्री बावुराम गैरे शितगंगा नगरपालिका

१५. सदस्य श्री दुर्गा बहादुर वि.सी. शितगंगा नगरपालिका

१६. सदस्य श्री दामोदर न्यौपाने शितगंगा नगरपालिका

१७. सदस्य श्री पवित्रा थापा शितगंगा नगरपालिका

१८. सदस्य श्री जीवा पौडेल शितगंगा नगरपालिका

१९. सदस्य श्री शान्ता अधिकारी शितगंगा नगरपालिका

२०. सदस्य श्री कमला वेल्वासे शितगंगा नगरपालिका

२१. सदस्य श्री अर्चना राना मगर शितगंगा नगरपालिका

२२. सदस्य श्री राम बहादुर दर्नाल शितगंगा नगरपालिका

२३. सदस्य श्री विष्णु बहादर परियार शितगंगा नगरपालिका

२४. सदस्य श्री गोपाल वि.क. शितगंगा नगरपालिका

२५. सदस्य सचिव श्री हरि नारायण बेल्वासे शितगंगा नगरपालिका

सहयोगी कर्मचारीहरु

१. श्री नुमलाल खनाल ना.सु. शितगंगा न.पा.

**नगर कार्यापालिका बैठकमा पेश गर्ने एजेण्डाहरु**

१. विपद व्यवस्थापन समिति गठन सम्बन्धमा ।

२. सवारी साधन माग गर्ने सम्बन्धमा ।

३. सवारी साधन व्यवस्थापन सम्बन्धमा ।

४ आन्तरिक नियन्त्रण कार्यविधि तयार गर्ने सम्बन्धमा ।

५. जिन्शी सामाग्री वितरण सम्बन्धमा ।

६. उद्यम विकास समिति गठन सम्बन्धमा ।

७. विमा कार्यक्रम संचालनको लागि औषधी खरिद सम्बन्धमा ।

८. खानेपानी तथा सरसफाई सम्बद्ध आयोजना सञ्चालन सम्बन्धमा ।

९. कार्यक्रम संसोधन सम्बन्धमा प्रदेश सरकारमा अनुरोध गर्ने ।

१० जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धमा ।

११. शिक्षा शाखाबाट पेश भएका विषयको सम्बन्धमा ।

१२. जनशक्ति थप सम्बन्धमा ।

१३. पूर्ण खोप सुनिश्चतना वडा घोषण सम्बन्धमा ।

१४. आलेपा गर्न जिल्ला समन्वय समितिमा अनुरोध गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १.

प्रस्ताव नं. १ माथि छलफल गर्दा तपशिल बमोजिमको विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**(क) नगर स्तरिय विपद व्यवस्थापन समिति**

| | |
|---|---|
| सयोजक | नगर प्रमुख |
| सदस्य | नगर उप-प्रमुख |
| सदस्य | वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक |
| सदस्य | राजनैतिक दलका नगरस्तरिय पाटी प्रतिनिधिहरु - ३ जना |

सदस्य		इलाका प्रहरी कार्यालय ठडाको प्रमुख

सदस्य		रामदल गण नेपाली सेना ठाडाको प्रमुख

सदस्य		प्राथमिक स्वास्थ्य केन्द्र ठाडको प्रमुख सदस्य

सदस्य		नगर स्तरिय उद्ययोग वाणिज्य संघ अध्यक्ष

सदस्य		ज्योति मा.वि. प्र.अ.

सदस्य		सदस्य सचिव प्रशासन शाखा प्रमुख

**(ख) वडास्तरीय विपद व्यवस्थापन समिति**

संयोजक -वडाध्यक्ष

सदस्यहरु - चारै जना (चार जना )

सदस्यहरु - वडा स्तरिय पार्टी प्रतिनिधिहरु

सदस्य - विद्यालय प्र.अ

सदस्य - प्रहरी चौकी प्रमुखको प्रमुख

सदस्य सचिव- सम्बन्धित वडाको वडा सचिव

वडा स्तरिय विपद व्यवस्थापन समितिले आवश्यकता अनुसार वडा सदस्यको संयोजकत्वमा विपद व्यवस्थापन सम्बन्धी उप समिति गठन गर्ने सक्नेछन । वर्षातको समय भएकाले न.पा. तथा वडा कार्यालयबाट तत्काल विपद व्यवस्थापनको लागि आवश्यक तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

प्रस्ताव नं. २ माथि छलफल गर्दा कार्यालयमा चारपाग्रें सवारी साधन नभएको र आन्तरिक श्रोत अत्यन्त न्यून भएको हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३.

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिकाको स्वामित्वमा रहेका सवै सवारी साधन उपयोग सम्बन्धमा प्रयोग कर्ताको चालक अनुमति पत्रको फोटोकपी कार्यालयमा बुझाई वडा अध्यक्ष वा वडा सचिवले बुझिलिने र प्रयोगको सन्दर्भमा कार्यालयको कामको शिलशिलामा आवश्यक्ता अनुसार कर्मचारी तथा पदाधिकारीले मात्र प्रयोग गर्ने र सार्वजनिक विदाका दिन अनुमती विना सवारी साधन प्रयोग नगर्ने निर्णय गरियो ।

निर्णय नं. ४.

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी एवं जवाफदेही तुल्याउन आवश्यक कार्यविधि तयार गरी आगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्नको लागि तपशिलको समिति गठन गरियो ।

तपशिल

१. संयोजक - भिम बहादुर के.सी.

२. सदस्य - दुर्गा बहादुर वि.सी.

३. सदस्य - राम बहादुर दर्नाल

४. सदस्य - विष्णु बहादुर परियार

निर्णय नं. ५.

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरपालिकाबाट खरिद भएका जस्तापाता, पाईप, तारजाली, विद्युतपोल लगायतका सामाग्रीहरु वितरण गर्दा नगर प्रमुखले ६० प्रतिशत र उप- प्रमुखले ४० प्रतिशत कायम गरी गर्ने र यसरी गर्दा उप-प्रमुख तथा वडा अध्यक्षहरुले नगर प्रमुख समक्ष सिफारीस गरी तोक आदेश बाट वितरण गर्ने । साथै नगरको वजेटबाट खरिद भएका एल टि पोल निम्न अनुसार वितरण गर्ने निर्णय गरियो ।

नगरपालिकामा ५० थान पोल मौज्दात राख्ने र बाँकी रहेका पोलहरु निम्न अनुसार वितरण गर्ने ।

| वडा नं. | पोल संख्या | वडा नं. | पोल संख्या | वडा नं. | पोल संख्या |
|---|---|---|---|---|---|
| १ | ५ | २ | ५ | ३ | ५ |
| ४ | ५ | ५ | ५ | ६ | ६ |
| ७ | ५० | ८ | १५ | ९ | २५ |
| १० | ५ | ११ | ५ | १२ | ६ |
| १३ | ५ | १४ | ५ | | |

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपशिल बमोजिमको नगर स्तरिय उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक    नगर प्रमुख

सदस्य    प्रमुख प्रशासकीय अधिकृत

सदस्य	कृष्ण गहतराज (निजी क्षेत्रको दलित प्रतिनिधी)

सदस्य	गोमा आचार्य (निजी क्षेत्रको तर्फबाट महिला प्रतिनिधी)

सदस्य	भिम बहादुर के.सी.

सदस्य	दामोदर न्यौपाने

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा.भित्र रहेको एक मात्र प्राथमिक स्वास्थ्य केन्द्रमा विमा सेवा कार्यक्रम सुरु भएको भएता पनि उक्त कार्यक्रम सन्चालनार्थ आवश्यक औषधी खरिदको लागि वजेट रकम नभएकोले सापटी स्वरुप रु ५०००००।- (पाच लाख) माग भई आएको हुँदा चालु आ.व.को लागि नगरपालिकाबाट औषधी खरिदको लागि विनियोजन भएको रकमबाट वचत हुन आउने रकमबाट आगामी ६ (छ) महिना भित्र प्रा.स्वा.के ले नगरपालिकालाई फिर्ता गर्ने सर्तमा सापटी स्वरुप माग भएको रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा. भित्र आगामी आवमा सञ्चालन गरिने खानेपानी तथा सरसफाई सम्बद्ध सवै आयोजनाहरु पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई आयोजना इकाईबाट सामाजिकीकरण आयोजनाको ड्रईङ्ग, डिजाईन, ल.ई. लगायतका प्राविधिक सहयोग गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो र सो युनिटमा कार्यरत वास संयोजक र प्राविधिक लाई (२ जना) वढीमा ६ महिनाको तलव सुविधा नगरपालिकाले व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा भित्र प्रदेश सरकार मार्फत संचालन गर्ने भनिएका तपशिलका आयोजनाहरुको नाम स्थानीय आवश्यक्ता र वसोवासका आधारमा तपशिल बमोजिक कायम गरी कार्यन्वयन गर्न आवश्यक भएकोले संसोधनको लागि अनुरोध गर्ने ।

पावर- गन्दी- छेडा सडक को सट्टामा पावर- छेडा- भेडामारे सडक कायम गर्न माग गर्न ।

पाल्पा- नेटा -सितापुर- कैलासे- कालिमाटी सडक भएकोमा सो लाई कालिमाटी करापु सम्म थप गर्न माग गर्ने ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा जनप्रतिनिधिहरुले पाउने सुविधाको सम्बन्धमा प्रदेश सरकारबाट पारित विधेयकको सम्बन्धमा आजको वैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा तोकिएको

सेवा सुविधा मात्र पदाधिकारीले लिने र हाल सम्म पाएको सुविधा जनप्रतिनिधिले पाउने रकमबाट घटाई बाँकी रकम हिसाव गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा शिक्षा शाखाबाट पेश भई आएको निम्न विषयलाई सहमती प्रदान गर्ने निर्णय गरियो ।

नगर स्तरीय प्र.अ. बैठकबाट वडागत रुपमा १/१ वटा नमुना विद्यालयको रुपमा छनोट भइ यसै शैक्षिक सत्र देखी कक्षा १ मा अनिवार्य अंग्रेजी माध्यममा शिक्षण गर्ने १४ वटा विद्यालयहरुमा शैक्षिक सामग्री तथा अंग्रेजी माध्यमका पाठ्यपुस्तकहरु व्यवस्था गर्नको लागि प्रति विद्यार्थी रु.५०० को दरले शैक्षिक सामग्री अनुदान रकम विद्यालयको खातामा निकासा दिने निर्णय गरियो ।

यस न.पा.को वडा नं २ स्थित श्री सरस्वती माध्यमिक विद्यालयले आबश्यक कागजात सहित कक्षा १२ थप गर्न तथा कक्षा ११ मा विषय थप गर्न निवेदन पेश गरेकोमा सो विद्यालयलाई कक्षा ११ मा पठनपाठन भएका विषयमा कक्षा १२ संचालन गर्न तथा यसै शैक्षिक सत्र देखी कक्षा ११ मा स्वास्थ्य तथा शारीरिक शिक्षा विषय थप गरी आगामी ५ वर्ष सम्म न.पा. बाट कुनै आर्थिक दायित्व थप नपर्ने गरी संचालन गर्न अनुमती प्रदान गर्न निर्णय गरियो ।

सम्बन्धमा नगर स्तरीय प्र.अ. बैठकबाट छनोट भएका नमुना विद्यालयहरुमा अंग्रेजी माध्यममा अनिवार्य अंग्रेजी, गणित तथा विज्ञान विषयको पठन पाठन गर्ने शिक्षकहरुको लागि English Medium Instruction(EMI) सम्बन्धि आधारभुत तालिम, माध्यमिक तह तथा निम्न माध्यमिक तहका विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारीहरु र कम्प्यूटर विषयका शिक्षकहरुको तालिम एवं सामुदायिक विद्यालयहरुमा कार्यरत वालविकास सहयोगी कार्यकर्ताहरुको लागि वालमनोविज्ञानमा आधारित शिक्षण तालिम संचालन गर्न अति आबश्यक देखिएकोले कार्यलयको टिप्पणी आदेश बमोजिम विद्यालय क्षेत्र विकास कार्यक्रम (जिल्ला स्तर ३५०८०६) बजेट उप शिर्षक नं ८०१२८१ मा विनियोजित बजेट शिर्षकबाट खर्च भएको रकम रु. ७,१५०० (सात लाख पन्ध्र हजार मात्र) अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा आगामी आ.व.०७५/०७६ को लागि तपशिल बमोजिमको जनशक्ति करार सेवामा लिने लिनु पर्ने भएको हुँदा छुट हुन तपशिलको जनशक्ति थप गरियो । साथै कमसंख्या २, ३, ४ लाई हाल कार्यालयबाट भएको विज्ञापनमा समावेश गर्ने र १ को हकमा करार सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

१. आईटी अफिसर १ जना

२. अनमी २ जना

३. अहेव १ जना

४ कार्यालय सहयोगि स्वस्थ्य तर्फ १ जना

निर्णय नं. १३

प्रस्ताव नं. १३ यस नगरपालिका भित्रका विभिन्न स्वस्थ्य संस्थाहरुमा उपलब्ध विभिन्न तथ्याङ्कहरुको विश्लेषण, छड्के जाँच तथा स्थलगत अनुगमनको आधारमा सवै वडाहरुका १५ देखि २३ महिना सम्मका सवै वालवालिकाहरुले पूर्ण खोप पाएको देखिएकोले सवै वडालाई पूर्ण खोप सुनिश्चित वडा घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ यस नगरपालिकाको आन्तरिक लेखापरिक्षणको लागि कोष तथा लेखा नियन्त्रण कार्यालयमा मौखिक अनुरोध गरिएकोमा कार्य व्यस्तताको कारण सो कार्यालयबाट आलेप गर्न तत्काल सम्भव नभएको प्रतिकृया आएकोले जिल्ला समन्वय समितिको आन्तरिक लेखापरिक्षण शाखामा कार्यरत लेखापाल राम बहादुर रायमाझीलाई पठाई दिन अनुरोध गर्ने निर्णय गरियो ।